आज मिति २०७७।०१।१० गते प्र.जि.अ. श्री कृष्ण कुमार निरौलाको अध्यक्षतामा जिल्ला संकट व्यवस्थापन केन्द्रको देहायको उपस्थितिमा बैठक बसी देहायानुसार निर्णय गरियो ।

**उपस्थिति**

श्री कृष्ण कुमार निरौला, प्र.जि.अ. ,जि.प्र.का. - अध्यक्ष
श्री चन्द्र बहादुर कार्की, सेनानी ,सु.से.मु. - सदस्य
श्री भुवनेश्वर प्रसाद साह, प्र.ना.उ. ,जि.प्र.का, - सदस्य
श्री रमेशकान्त पोखेल, स.प्र.ना.उ. स.प्र.बल, नं. ४५ गुल्म - सदस्य
श्री केशवप्रसाद न्यौपाने प्र.प्र.अ., रा.अ.जि.का. - सदस्य
डा. निर्मल नगरकोटी, प्रमुख, स्वा.से.का. - सदस्य
श्री भिमराज सेजुवाल, नि.जि.स.अ. , - सदस्य
श्री केशव ज्ञवाली, स.प्र.जि.अ.,जि.प्र.का. - सदस्य सचिव

**सल्लाहकार**

श्री पूर्ण बहादुर रोकाया, प्रमुख, जि.स.स.

**विशेष उपस्थिति**

मा. श्री गोपाल ब्रम - सांसद, प्रतिनिधी सभा
श्री हरिजङ्ग शाही - नगर प्रमुख, छायाँनाथ रारा नगरपालीका मुगु
श्री धर्म बहादुर शाही - प्रतिनिधि, नेकपा
श्री सूर्यदेवी मल्ल - प्रतिनिधि, नेपाली कांग्रेस
श्री जित बहादुर मल्ल – प्रतिनिधी, ने.क.पा
श्री जय बहादुर मल्ल - सभापति, नेपाल रेडक्रस शाखा, मुगु
श्री कमल बहादुर बुढा - अध्यक्ष, उद्योग वाणिज्य संघ, मुगु
श्री रामाकान्त पाण्डेय - प्रमुख प्रशासकीय अधिकृत, छायाँनाथ रारा न.पा. मुगु ।
श्री मंगल बहादुर शाही - नेकपा

**निर्णयहरु**

पछाडि पानामा छ ।

मिति २०७७।१।१० को जिल्ला [illegible] निर्णयहरु

निर्णयहरु

१) कोभिड-१९ रोकथाम र नियन्त्रणका सम्बन्धमा यस जिल्लामा हालसम्म गरेका कार्यहरुको समीक्षा गरियो । यस विषयमा जिल्ला समन्वय समितिबाट मिति २०७७ साल बैशाख ३ देखि ५ गतेसम्म गरिएको अनुगमन प्रतिवेदन बैठकमा पेश हुँदा प्रतिवेदनमा कोभिड-१९ रोकथाम र नियन्त्रणका विषयमा सुधार गर्नु पर्ने भनी औंल्याइएका कमीकमजोरीहरु सच्याउन सोरु गाउँपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

२) कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि लकडाउन गरिएको र मुगुम कार्मारोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको चलानी नम्बर २०१ मिति २०७७।१।८ को पत्रबाट समेत उक्त गाउँपालिका क्षेत्रभित्र कोभिड-१९ को जोखिमका कारण यार्सागुम्बा संकलन गर्न रोक लगाएको भनी उल्लेख भइ आएको सन्दर्भमा अर्को निर्णय नभएसम्मको लागि मुगु जिल्लाभर यार्सागुम्बा संकलन गर्ने कार्यमा रोक लगाउने ।यस निर्णयको कार्यान्वयनमा आवश्यक सहयोग गर्न छिमेकी जिल्लाका जिल्ला प्रशासन कार्यालयहरुलाई समेत अनुरोध गर्ने निर्णय गरियो ।

३) जिल्ला प्रशासन कार्यालय, सुर्खेतबाट मिति २०७७।०१।०८ मा फोन मार्फत बीचबाटोमा अलपत्र परेका यस जिल्लाका केही मानिसहरुको उद्धार गरि पठाएको भन्ने जानकारी प्राप्त भएको र यस जिल्लाका स्थानीय तहहरुले समेत अलपत्र परेका व्यक्तिहरुको उद्धार गर्न पहल गरिरहेको भन्ने मौखिक जानकारी प्राप्त भएकोले सो सम्बन्धमा देहाय अनुसार गर्ने ।

- आउने प्रत्येक व्यक्तिहरुको यात्रा एवं सम्पर्क विवरण पालिका प्रवेश गर्ने नाकामा सम्बन्धित स्थानीय तहहरुले अनिवार्य रुपमा भराउने (यसको नमूना जिल्ला प्रशासन कार्यालयको वेवसाइटबाट डाउनलोड गर्न सकिने )।
- मुगु जिल्लाको सीमानामा पर्ने भुलभुले नाका हुँदै प्रवेश गर्नेहरुको हकमा निजहरुलाई जिल्ला अस्पतालमा लगि चिकित्सक सहितको टोलीबाट स्वास्थ्य परिक्षण गराई चिकित्सकको राय अनुसार सम्बन्धित स्थानिय तहहरुले आवश्यक व्यवस्था मिलाउने । उक्त नाका भन्दा बाहेक अन्य नाकाबाट प्रवेश जिल्ला/पालीकामा प्रवेश गर्नेहरुलाई सम्बन्धित पालीकाको स्वस्थ्य प्रमुखले स्वास्थ्य चेक जाँच गराई निजले दिएको राय/परामर्श अनुसार स्थानीय तहले आवश्यक व्यवस्थापन मिलाउने । सो सम्वन्धि आवश्यक व्यवस्था स्वास्थ्य सेवा कार्यालय मुगुले मिलाउने । उक्त कार्यमा सुरक्षा निकायले आवश्यक सहयोग पुऱ्याउने ।
- सबै स्थानीय तहहरुले उद्धार गरी ल्याइएका व्यक्तिहरु संक्रमित हुन सक्ने संभावना भएकोले सबैलाई अनिवार्य रुपमा कम्तिमा १४ दिनसम्म क्वारेण्टाइनमा राख्ने । अनिवार्य रुपमा स्वास्थ्य परिक्षण गराउने ।
- सबै स्थानीय तहहरुले भारत/ विदेशबाट आएका वा कोरोना संक्रमणको लक्षण देखिएका व्यक्तिहरुलाई अनिवार्य रुपमा कम्तिमा १४ दिन सम्म क्वारेटाइन/ आइसोलेशनमा राख्ने, त्यस्ता व्यक्तिहरुको RDT अनिवार्य गराउने र बढी निगरानीमा राखी स्वास्थ्य सेवा कार्यालय मुगुका चिकित्सकसँग परामर्श गरी सो अनुसार गर्ने । यस कार्यमा स्वास्थ्य सेवा कार्यालयका चिकित्सकहरुले आवश्यक सहयोग गर्ने गराउने ।

४) यस जिल्लामा विदेश/भारत रोजगारीमा जाने व्यक्तिहरुको संख्याको हिसाबले सोरु गाउपाँलीको दोस्रो स्थानमा रहेको र कोभिड-१९ को संक्रमण फैलिन सक्ने सम्भावना रहेको हुँदा प्रदेश सरकारबाट पठाइएको दोस्रो लटको RDT किट प्राप्त हुनासाथ स्वास्थ्य सेवा कार्यालय मुगुले स्थलगत रुपमा RDT संकलन गर्नको लागि एक चिकित्सक सहितको टोली यथासिघ्र पठाउने ।

५) यस जिल्लमा विदेश/भारतमा रोजगारीमा जाने व्यक्तिहरुको संख्याको हिसाबले खत्याड गाउँपालीका पहिलो स्थानमा रहेको र कोभिड-१९ को संक्रमणको पनि उच्च जोखिम रहेकाले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट चिकित्सकको टोलीले १०० थान RDT किट सहित स्थलगत रुपमा सो स्थानमा आई सेवा पुऱ्याएकोमा उक्त टोली र कर्णाली स्वास्थ्य

विज्ञान प्रतिष्ठानलाई प्रशंसा सहित धन्यावद ज्ञापन गर्ने र यस जिल्लाका अन्य पालीकाहरुमा समेत चिकित्सकसहितको टोली पठाई थप सहयोगका लागि हार्दिक अनुरोध गर्ने निर्णय गरियो।

६) विकास निर्माणका कार्यहरु संचालन सम्बन्धमा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री इश्वर पोखरेलज्यूको अध्यक्षतामा बसेको नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६।१२।२० गते बसेको १६ औं बैठकको निर्णय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,कर्णालीको चलानी नम्बर १६२९ मिति २०७७।०१।०५ को पत्रसाथ संलग्न Province Crisis Management Centre को मिति २०७७।१।२ को निर्णय बमोजिम रहेको बैठकमा जानकारी गराइयो ।

७) श्रमिक र अन्य जनशक्तिहरु अनिवार्यरुपमा कार्यस्थलभित्रै रहनु पर्ने, उनीहरुलाई आवास र खानाको व्यवस्था कार्यस्थलभित्रै गरिनुपर्ने, कार्यस्थलबाट बाहिर जान र कार्यस्थलबाट बाहिर रहेका परिवारका सदस्य लगायत अन्य कुनै पनि व्यक्तिहरुलाई सम्पर्कमा आउन नदिने, कार्यस्थलमा व्यक्ति व्यक्तिबीच न्यूनतम भौतिक दुरी कायम गर्नु पर्ने ,स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य सम्वन्धी प्रोटोकल पालना गर्ने, श्रमिक लगायत कार्यस्थलमा रहने सबैको ज्वरो नाप्ने, नियमित स्वास्थ्य जाँच गर्ने, मास्क सेनिटाइजर तथा साबुन पानीको प्रयोग गर्ने गराउने, एम्बुलेन्स स्टाण्डबाइ राख्ने व्यवस्था गर्ने,यी प्रावधानहरु पालना गर्ने गराउने जिम्मेवारी विकास निर्माण आयोजनाहरुको हकमा आयोजना प्रमुख एवं विभागीय प्रमुखको र निजी क्षेत्रबाट संचालित उद्योगको हकमा उद्योगधनी तथा संचालकको हुने,प्रदेश सरकार, स्थानीय प्रशासन र स्थानीय तहले यी प्रावधानहरुको पालना भए नभएको अनुगमन गर्ने प्रावधानहरुको पूर्ण पालना हुने सुनिश्चित गरी विकास आयोजनाहरुलाई संचालन गर्न दिने भनी उल्लेख भएको तथा Province Crisis Management Centre को मिति २०७७।१।२ मा बसेको बैठकको निर्णय नं २ मा COVID-19 को रोकथाम र नियन्त्रणलाई मध्यनजर राख्दै लकडाउनको पालनाका लागि बढी जनशक्ति प्रयोग हुने बाहेकका सीमित जनशक्तिबाट नियन्त्रित रुपमा मेसिन औजारको प्रयोग गरी संचालन हुने विकास निर्माणका कार्यहरुलाई संचालन हुन दिने भनी उल्लेख भएको सन्दर्भमा जिल्लामा देहायका आयोजनाहरुले सञ्चालनका लागि अनुमति माग भएकोले उक्त निर्णयहरुमा उल्लिखित प्रावधानहरुको पूर्ण पालनाको सुनिश्चितता सम्बन्धित आयोजना प्रमुखले गरी गराइ आयोजना संचालन गर्न अनुमति दिने निर्णय गरियो ।

- जिल्ला प्रहरी कार्यालय मुगुको कार्यालय भवन निर्माण (ROYAL CONSTRUCTION)
- रारा विमानस्थल आयोजना
- SRM-02-2075/76 CONSTRUCTION AND INSTALLATION OF BAILEY BRIDGE OVER KARNALI RIVER BRIDGE AT SHIP,SORU RURAL MANACIPALITY (JALAP/RABI CHAKRA JV)
- खत्याड खोला विराबगर सेरा साना जलविद्युत आयोजना (५०० कि.वा.)
- पूर्वाधार विकास कार्यालय, मुगु अन्तर्गतका देहायका आयोजनाहरु

  (च.नं. १२२ मिति २०७७।१।८ को पत्रानुसार)

  - रुघा-छाइल जडिबुटी मार्ग सडक
  - दोमुखा-तारापानी-गमगढी-नाक्चेलाग्ना सडक
  - अल्कासाँघु-चराप-झाकोट- रोवा हुँदै शोभा सडक
  - झुगला-माझचौर-रारा सडक
  - सेरी-नारङ्गे सडक
  - सेरी-रोल-सैन-जिउका सडक

- अनुमति प्रदान गरिएका आयोजनाहरुको कार्यसंचालनमा सबै सरोकारवालाहरुले आआफ्नो क्षेत्रबाट आवश्यक समन्वय एवं सहजीकरण गर्ने ।
- अनुमति प्रदान गरिएका आयोजनाहरुको अनुगमन गर्दा माथि उल्लिखित प्रावधानहरु पालना गरेको नपाइएमा आयोजनाको काम तत्काल बन्द गर्ने गराउने ।
- संचालन अनुमति प्रदान गरिएका आयोजनाहरुको लागि निर्माण सामग्री ढुवानीका लागि जिल्ला प्रशासन कार्यालयले पास जारी गर्ने ।
- विकास निर्माण कार्यका सम्बन्धमा नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६।१२।२० गते बसेको १६ औं बैठकको निर्णयहरु र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,कर्णालीको चलानी नम्बर १६२९ मिति २०७७।०१।०५ को पत्रसाथ संलग्न Province Crisis Management Centre को मिति २०७७।१।२ को बैठकको निर्णयहरुको पूर्ण परिपालना गर्ने गराउने गरी सम्वन्धित आयोजना प्रमुखबाट संचालन अनुमति माग भएमा जिल्ला संकट व्यवस्थापन केन्द्रका ~~संयोजक~~ अध्यक्षले औचित्य हेरी अनुमति प्रदान गर्ने ।
- अत्यावश्यक सेवा अन्तर्गतका खानेपानी विद्युत मर्मत सम्बन्धी कार्यहरुका जिल्लाका सुरक्षा निकायहरुले एक आपसमा समन्वय गरी औचित्यका आधारमा अनुमति प्रदान गर्ने ।

८) सबै स्थानीय तहहरुले खाद्य तथा अति आवश्यक सामाग्रीहरुको स्टक मूल्याकंन विश्लेषण नियमित रुपमा गर्ने र आपुर्ति व्यवस्थालाई सहज तुल्याउने, स्थानीय सुरक्षा निकायहरुलाई समेत सहभागी गराई नियमित रुपमा बजार अनुगमन गर्ने, मुल्यवृद्धि कालाबजारी हुन नदिने, आफ्नो स्थानीय तहको खाद्य सामाग्री तथा उपभोग्य सामाग्रीहरु छिमेकी जिल्ला तर्फ अवैध रुपमा निकासी हुन नदिने, खाद्य तथा साल्ट्रेडिङबाट आएका सामाग्रीहरु दुरुपयोग हुन नदिने व्यवस्था कडाइका साथ गर्ने गराउने ।

९) कुनै पनि स्थानीय तहको व्यक्तिको कोभिड-१९ सम्बन्धी PCR परिक्षण गराउने पर्ने अवस्था आएमा उक्त व्यक्तिको स्वाब लिई सोहि स्थानीय तहको कर्मचारी परिचालन गरि सुर्खेतसम्म पुर्‍याउने यातायात लगाएत सम्पुर्ण व्यवस्था सम्वन्धित स्थानीय तहले नै मिलाउने । साथै सबै स्थानीय तहहरुले स्वास्थ्य सामाग्री तथा औषाधिहरु यथासिघ्र खरिद गर्ने गराउने ।

१०) कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि खटिएका सबै स्वास्थ्य कर्मी, स्थानीय तहका पदाधिकारी, कर्मचारी, सुरक्षाकर्मी, संघ संस्था, नागरिक समाज, पत्राकार लगायतका सबैलाई धन्यवाद ज्ञापन गर्ने र आगामी दिनमा अझ ससक्त ढंगले कोभिड-१९ को प्रतिकार्य गर्ने निर्णय गरियो ।

२०७७।०१।१०